# Sindhu Bikash Bank Ltd.
# सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे र दोलखा जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47/48, Fax: 977-11-489247

**Corporate Office:** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np


च. नं. ९५० /२०७५/०७६ मिति : २०७५/०९/०६

श्री नेपाल स्टक एक्सचेन्ज लि.

युएनआई शान्तिमार्ग, भद्रकाली काठमाडौं ।

बिषय : शेयर दाखील खारीज बन्द बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको संचालक समितिको मिति २०७५/०९/०६ गते शुक्रवारको दिन बसेको २३६ औं बैठकले नवौं बार्षिक साधारण सभाको प्रयोजनका लागी मिति २०७५/०९/१७ देखि २०७५/०९/२७ गते सम्म यस बैंकको शेयर दाखील खारीज बन्द ( Book Close ) गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागी अनुरोध गर्दछु ।

बोधार्थ :

१) श्री नेपाल धितोपपत्र बोर्ड

२) श्री सिडिएस क्लियरीङ लि

३) श्री एनआईबिएल एस क्यापिटल लि.

.............................

पुस्कर जि.सी.

कम्पनी सचिव

**Sindhu Bikash Bank Ltd.**

**सिन्धु विकास बैंक लि.**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)

प्रधान कार्यलयः बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल ।

कर्पोरेट कार्यालयः बनेपा, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६२३४०/४१, फ्याक्स नं.०११-६६२३४६

E-mail: info@sindhubank.com.np

# नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७५/०९/०७ गते)*

*श्री शेयरधनी महानुभावहरु*

यस विकास बैंकको संचालक समितिको मिति २०७५/०९/०६ गते बसेको २३६ औं बैठकको निर्णय बमोजिम यस बैंकको नवौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभामा सहभागी हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०७५ साल पौष २८ गते शनिवार तदनुसार जनवरी १२, २०१९

समय : बिहान १० बजे

स्थान : मेलम्ची रिभर रिर्सोट, मेलम्ची, सिन्धुपाल्चोक ।

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७४/७५ आषाढ मसान्तको वासलात तथा आ.व. २०७४/७५ को नाफा नोक्सान, नगद प्रवाह विवरण तथा अनुसुचीहरु छलफल गरी पारित गर्ने ।

३) आ.व.२०७५/७६ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावः**

१) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Aquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ती गर्ने सम्वन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य् प्रकृया पुरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

२) संस्थापकहरुको तर्फबाट ३ जना संचालकहरुको निर्वाचन गर्ने ।

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नवौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. सभा कक्ष भित्र प्रवेश गर्न बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण-पत्र साथमा लिई आउनु पर्नेछ ।

२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले बैंकका अर्को शेयरधनी वा कुनै व्यक्तिलाई प्रतिनिधि तोकी सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै बैंकको कर्पोरेट कार्यालयमा प्रोक्सी बुझाई सक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरी सकेपछि, उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्ने भएमा सोको लिखित सुचना सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै कर्पोरेट कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ ।

३. कुनै शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै बैंकलाई जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

४. सभाका सुरक्षाका लागि खटीएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभाव लगायत सभाकक्षमा प्रवेश गर्ने सबै महानुभाव लगायत सभाकक्षमा प्रवेश गर्ने सबै महानुभावहरुको झोला वा शरिर जांच गर्न सक्ने छन् ।

५. शेयरधनी महानुभावहरु सभा सुरु हुनु भन्दा पहिलेनै उपस्थित भईदिनहुन हार्दिक अनुरोध छ र यहांहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९ बजे सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

६. मिति २०७५/०८/१७ देखि २०७५/०८/२७ सम्म बैंकको शेयर दाखिला खारेज बन्द रहनेछ ।

७. अन्य बिस्तृत जानकारी तथा वार्षिक प्रतिवेदनका लागि बैंकको कर्पोरेट कार्यालयमा सर्म्पक गर्नहुन वा बैंकको वेबसाईट: www.sindhubank.com.np मा हेर्नहुन अथवा फोन नं. ०११-६६२३४१/४० वा फ्याक्स नं.०११-६६२३४६ (कार्यालय समय भित्र) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

८. निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०७५/०८/२० गते शुक्रवार बैंकको कर्पोरेट कार्यालय बनेपामा प्रकाशित गरिने छ ।